# राजस्व न्यायाधिकरण काठमाडौ
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की
## फैसला

मुद्दाः–सुन चोरी पैठारी।

२०७५।०७६ सालको निर्णय नं. १११
पुनरावेदन नं.९७-०७५-RB-०१८४

नैन बोहराको नाति दलजित बोहराको छोरा बझाङ जिल्ला बुंगल न.पा. वडा नं. ७ स्थायी बतन भै हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौमा थुनामा रहेका नरेश बोहरा.........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

प्र.ना.म.नि. शेर बहादुर बस्नेत समेतको प्रतिवेदनले नेपाल सरकार..........................१ } प्रत्यर्थी

२०७५।०७६ सालको निर्णय नं. ११२
पुनरावेदन नं. ९७-०७५-RB-०१८३

**प्रेम धामीको नाति मंगल धामीको छोरा बझाङ जिल्ला बुंगल न.पा. वडा नं. ३ स्थायी बतन भै हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौमा थुनामा रहेका मोहन धामी..........................................................................................१** } पुनरावेदक

**विरुद्ध**

**प्र.ना.म.नि. शेर बहादुर बस्नेत समेतको प्रतिवेदनले नेपाल सरकार.........................१** } प्रत्यर्थी

२०७५।०७६ सालको निर्णय नं. ११३

पुनरावेदन नं. ९७-०७५-RB-०१८५

**नैन बहादुर भट्टकी नातिनी हित बहादुर भट्टकी छोरी नुवाकोट जिल्ला साविक हल्देकालिका गा.पा. वडा नं. २ स्थायी बतन भै हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौमा थुनामा रहेकी सविता भट्ट.................................................................................१** } पुनरावेदक

**विरुद्ध**

**प्र.ना.म.नि. शेर बहादुर बस्नेत समेतको प्रतिवेदनले नेपाल सरकार.........................१** } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री राम प्रसाद आचार्य
श्री गजेन्द्र बहादुर थापा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजीरः ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः भन्सार प्रमुख श्री गजेन्द्र कुमार ठाकुर

शुरु कर्यालयको निर्णय मितिः-२०७५/०८/२७

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, काठमाण्डौ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२ (१) बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. (मिति २०७५।७।२८ गतेका दिन अन्दाजी १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको कार पार्किङ्ग स्थानमा बाहिरी मुलुकबाट आएका यात्रीहरुलाई भन्सार छली गर्न लगाई बझाङ्ग जिल्ला बुङ्गगल न.पा. वडा नं. ७ बतन भएका राहदानी नम्बर ११०४६९२३ का नरेश बोहराको शरिर खानतलासी

गर्दा सुन जस्तो देखिने पहेंलो रंगको धातुको सिक्री थान-२, नुवाकोट जिल्ला हल्देकालिका गा.वि.स. वडा नं. २ स्थायी बतन भएकी राहदानी नं. १०६६५१३६ की सविता भट्टको साथबाट सुनजस्तो देखिने पहेंलो धातुको २ थान सिक्री र जिल्ला बझाङ्ग बुङ्गल न.पा. वडा नं. ३ स्थायी बतन भएका मोहन धामीको साथबाट सुनजस्तो देखिने पहेलो धातुको सिक्री थान-२ समेत गरी ६ थान सिक्रीहरु) बरामद भएको भन्ने मिति २०७५।७।२८ को खानतलासी तथा बरामदी मुचुल्का ।

२. मिति २०७५।७।२८ को बरामदी मुचुल्कामा उल्लेखित ६ थान सिक्रीहरु जाँचको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा पठाइएकोमा बरामदी पहेलो धातुको सिक्री सुन नै रहेको र सो सिक्रीको जम्मा तौल २९९ ग्राम रहेको र सोको सुनचाँदी व्यवसायी संघको बरामद भएको दिनको बजार मूल्य अनुसार प्रतिग्राम ४,९९०।- र जम्मा मूल्य रु. १४,९२,०१०।- रहेको भन्ने जाँच प्रतिवेदन ।

३. (मिति २०७५।७।२८ गतेका दिन अन्दाजी १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको कार पार्किङ्ग एरियाबाट राहदानी नम्बर ११०४६९२३ का स्थायी वतन बझाङ्ग जिल्ला बुङ्गल न.पा. वडा नं. ७ भएका नरेश बोहराको साथबाट बरामद सुनजस्तो देखिने पहेंलो धातुको सिक्री थान-२, राहदानी नं. १०६६५१३६ की नुवाकोट जिल्ला हल्देकालिका गा.वि.स. वडा नं. २ घर भएकी सविता भट्टको साथबाट बरामद भएको पहेलो धातुको थान २ सिक्री र जिल्ला बझाङ्ग बुङ्गल न.पा. वडा नं. ३ स्थायी बतन भएका मोहन धामीको साथबाट बरामद भएको पहेलो धातुको सिक्री थान-२ परीक्षणबाट सुन रहेको र सो सिक्रीको जम्मा मूल्य रु. १४,९२,०१०।- रहेको हुँदा निज नरेश बोहरा, सविता भट्ट र मोहन धामीलाई सुन चोरी पैठारीमा सजाय गरी पाउँ भन्ने) मिति २०७५।७।२८ को प्रहरी प्रतिवेदन ।

४. प्रहरी प्रतिवेदन सहित दाखिला भएका नरेश बोहरा, सविता भट्ट र मोहन धामीको सम्बन्धमा मुद्दाको अनुसन्धानको लागि भन्सार अधिकृत श्री कर्ण प्रसाद तिमल्सिनालाई मुद्दाको अनुसन्धान अधिकृत तोकी आवश्यक कारवाही अगाडि बढाउने भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयका भन्सार प्रमुखबाट मिति २०७५।७।२९ मा भएको आदेश ।

५. मिति २०७५।७।२८ गतेका दिन १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन तर्फको कार पार्किङ्ग एरियामा मलेसियाबाट सामान ल्याई दिने मानिससँग सामान सोधखोज गर्दा गर्दै प्रहरीले मलाई पक्राउ गरेको हो । मबाट सुन बरामद भएको होइन । सुन ल्याउने मानिसबाट सुन बरामद गरी उसलाई छाडि दिई मलाई पक्राउ गरेको हो, बरामदी सुन मैले मगाएको पनि होइन र ठेगाना प्रष्ट नभएका नेपालमा बस्दा चिनजान भएका मिलन के.सी. ले मलेसियाबाट सुन पठाएको

छ ल्याउनु भनी भनेको हुँदा लिन गएकोसम्म हो मसँग प्रज्ञापनपत्र विल विजक हुने कुरै भएन । नरेश बोहरा र सविता भट्ट साथी हुँदा चिनजान छ । प्रहरीले प्रतिवेदनमा व्यहोरा के के लेखे थाहा भएन । ५० ग्राम सम्म सुनको गहना ल्याउन पाउने कानूनी प्रावधानको बारेमा मलाई थाहा भएन । अनायासमा गल्ती भयो भनी मोहन धामिले अनुसन्धान अधिकृत समक्ष गरेको बयान ।

६. मिति २०७५।७।२८ गतेका दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन तर्फको कार पार्किङ्ग एरियामा बसिरहेको अवस्थामा प्रहरीले मलाई पक्राउ गरेको हो । मलाई मोहन धामीले एअरपोर्टमा विदेशबाट सामान आउँदैछ लिनलाई साथी जाउँ भन्दा गएको हो । मबाट सुन बरामद भएको होइन, सगै पक्राउ परेको हो । सामान के आउँछ भनी भनेको थिएन । सुनको बारेमा केही जानकारी छैन । भन्सार तिरेको प्रज्ञापनपत्र वा विल विजक मसँग हुने कुरा नै भएन । सविता भट्ट मेरो बहिनीको साथी हो । प्रतिवेदनमा प्रहरीले के-के लेखे थाहा भएन । मैले कुनै पनि गल्ती नगरेको हुँदा सफाइ पाउ भनी अनुसन्धान अधिकृत समक्ष नरेश बोहराले गरेको बयान ।

७. मिति २०७५।७।२८ गतेका दिने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन तर्फको कार पार्किङ्ग एरियामा मोबाइल हेरी उभिइरहेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरेको हो । मबाट सुन बरामद भएको होइन, मैले सुन मगाएको पनि होइन । मसँगै पक्राउ परेका मोहन धामीले एअरपोर्टमा सामान आउँदै छ सहयोगका लागि जाउँ भनी गएको सम्म हो । सामान के आउने थियो जानकारी थिएन । प्रज्ञापनपत्र विल विजक मसँग हुने कुरै भएन । मोहन धामी र म एउटै घरमा भाडामा बस्ने भएको हुँदा चिनजान भएको हो । नरेश बोहराको बैनी मेरो साथी हो । अनजानमा गल्ती भएको हुँदा सफाई पाउँ भनी अनुसन्धान अधिकृत समक्ष सविता भट्टले गरेको बयान ।

८. मिति २०७५।७।२८ गतेका दिन १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको आगमन कार पार्किङ्गमा बाहिरबाट आएका यात्रुहरुलाई भन्सार छली गर्न लगाई नरेश बोहराको साथबाट २ थान पहेलो रंगको धातुको सिक्री, सविता भट्टका साथबाट पहेंलो रंगको धातुको सिक्री थान-२ र मोहन धामीको साथबाट पहेंलो रंगको धातुको सिक्री थान-२ समेत गरी ६ थान सिक्री अवैध रुपमा संकलन गरी भन्सार छली लैजान लागेको अवस्थामा फेला परेको निजहरुको साथबाट बरामद भएको सो धातुको सिक्री परिक्षण गर्दा सुन नै देखिएको र सो ६ थान सिक्री २९९ ग्राम रहेको र सोको मूल्य रु. १४,९२,०१०।- पर्ने भनी जाँच प्रतिवेदन समेतबाट देखिएको हुँदा निजहरुको सो कार्य निकासी पैठारी नियन्त्रण ऐन, २०१३, भन्सार ऐन, २०६४ र नियमावली समेतको बर्खिलाप कसूर जन्य कार्य निजहरुबाट भएको हुँदा बरामदी सुन जफत गरी विगो बमोजिम जरिवाना र हदैसम्मको कैद

सजायको लागि निर्णय गरी पाउ भन्ने भन्सार कार्यालयबाट सरकारी वकिल कार्यालयमा पेश भएको देखिन्छ ।

९. विदेशबाट सुन पैठारी गरी ल्याउन निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ३ बमोजिम नेपाल सरकारले मिति २०६७।५।१८ गते देखि पुर्ण रुपमा प्रतिबन्ध लगाएको भन्ने मिति २०६७।५।१७ अ.रि. १५(ख) को नेपाल राजपत्रबाट समेत देखिन्छ । यसरी निकासी पैठारीमा प्रतिबन्धित सुन २९९ ग्राम अवैध पैठारी गरी प्रतिवादीहरु नरेश बोहरा, सविता भट्ट र मोहन धामी समेतले भन्सार ऐन २०६४ को दफा १८(१) र ३८ बमोजिमको कसुर बारदात गरेको देखिंदा विगो रु. १४,९२,०१०।- कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनका दफा ५७(१)(ख) बमोजिम सजाय गरी बरामद सुन सोही दफा ५७(१) बमोजिम जफत हुन समेत मागदावी लिई विदेशबाट सुन पठाउने भनिएका मिलन के.सी. पक्राउ परी आएमा वा निजको एकिन नामथर बतन खुली आएमा कानून बमोजिम हुने गरी मुद्दा दायर गर्ने निर्णय गरियो भन्ने जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको मिति २०७५।८।५ को निर्णय ।

१०. खानतलासी बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन र प्रतिवादीहरु सविता भट्ट, मोहन धामी र नरेश बोहराले अनुसन्धान अधिकृत समक्ष गरेको बयान समेतबाट भन्सार छली चोरी पैठारी गर्ने मनसायले सुन चोरी पैठारी गरेको प्रमाणित हुन आएको हुँदा निजहरुको सो कार्य भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारीको कसुर अपराध गरेको देखिंदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ५७ को उपदफा (१ग) बमोजिम जनही १४,९२,०१०।- बराबरको तौल (२९९ग्राम) भएको सुन जफत गरी विगो बमोजिम जरिवाना हुन र निजहरू प्रतिवादीहरू नरेश बोहरा, सविता भट्ट र मोहन धामी लाई सोही ऐनको दफा ५७ को उपदफा (१ग) खण्ड (क) बमोजिम एक महिना सम्मको कैद सजाय गरी भन्सार नियमावली २०६४ को नियम ४७ बमोजिम प्रतिवेदकहरूलाई पुरस्कारको व्यवस्था समेत गरी पाउँ भन्ने अभियोग पत्र ।

११. मिति २०७५।७।२८ गतेका दिन १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको आगमन कार पार्किङ्ग एरियामा मलेसियामा रहेका नेपालमा बस्दा चिनजान भएका स्थायी बतन थाहा नभएका मिलन के.सी.ले सुन पठाएको हुँदा लिन गएको अवस्थामा सुन ल्याउने मानिससँग सामानबारे कुराकानी भइरहेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरेको हो । म बाट सुन बरामद भएको होइन, सुन ल्याउने मानिसबाट सुन बरामद गरी उसलाई छाडिदिई मसमेतलाई पक्राउ गरेको हो । प्रज्ञापन पत्र विल विजक मसँग हुने कुरै भएन । प्रहरी प्रतिवेदनको व्यहोरा मलाई थाहा भएन । सहीसम्म गरिदिएको हु । ५० ग्राम भन्दा बढी सुन ल्याउन नपाइने भन्ने कानूनी व्यवस्था मलाई थाहा भएन । गल्ती भएको हुँदा एक

पटकलाई माफ पाउ भनी पुनरावेदक मोहन धामीले भन्सार प्रमुख समक्ष गरेको बयान ।

१२. मिति २०७५।७।२८ गतेका दिन १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको आगमन तर्फको कारपार्किङ्ग एरियामा मोबाइल हेरी उभिरहेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरेको हो । मबाट सुन बरामद भएको छैन । मोहन धामीले एअरपोर्टमा सामान लिन जाउँ भनेको हुँदा सहयोगको लागि गएको सम्म हो । सुनको बारेमा मलाई केही थाहा छैन । प्रज्ञापन पत्र विल विजक मसँग हुने कुरै भएन । प्रहरी प्रतिवेदनको व्यहोरा मलाई थाहा भएन । सहीसम्म गरिदिएको हु । ५० ग्राम भन्दा बढी सुन ल्याउन नपाइने भन्ने कानूनी व्यवस्था मलाई थाहा भएन । गल्ती भएको हुँदा एक पटकलाई माफ पाउ भनी भन्सार प्रमुख समक्ष पुनरावेदक प्र. सविता भट्टले गरेको बयान ।

१३. मिति २०७५।७।२८ गतेका दिन १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको आगमन तर्फको कारपार्किङ्ग एरियामा मोबाइल हेरी उभिरहेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरेको हो । मबाट सुन बरामद भएको छैन । मोहन धामीले एअरपोर्टमा सामान लिन जाउँ भनेको हुँदा सहयोगको लागि गएको सम्म हो । सुनको बारेमा मलाई केही थाहा छैन । प्रज्ञापन पत्र विल विजक मसँग हुने कुरै भएन । प्रहरी प्रतिवेदनको व्यहोरा मलाई थाहा भएन । सहीसम्म गरिदिएको हु । ५० ग्राम भन्दा बढी सुन ल्याउन नपाइने भन्ने कानूनी व्यवस्था मलाई थाहा भएन । गल्ती भएको हुँदा एक पटकलाई माफ पाउ भनी भन्सार प्रमुख समक्ष पुनरावेदक प्र. नरेश बोहराले गरेको बयान ।

१४. खानतलासी बरामदी मुचल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरु मोहन धामी, नरेश बोहरा र सविता भट्टको बयान समेतबाट निजहरुले भन्सार ऐन २०६४ को दफा ५७ (१) को बर्खिलाप कसुर गरेको होइन भनी भन्न सकिने अवस्था नहुदा तत्काल प्राप्त प्रमाणको आधारमा बरामदित सुन २९९ ग्राम जफत गरी सोको मूल्य रु. १४,९२,०१०।- र निजहरुलाई हुन सक्ने एक महिना कैद समेतको हुने रकम रु. १,५२१।- समेत गरी जम्मा १४,९३,५३१।- बराबरको धरौटी प्रतिवादीहरुबाट जनही दाखिल गर्न लगाउनु सो दाखिल गर्न नसके मुद्दा पुपक्षको लागि थुनामा राख्न पठाई दिनु र विदेशबाट सुन पठाउने मिलन के.सी. पक्राउ परे वा एकिन बतन खुली आएमा कानून बमोजिम मुद्दा दायर गर्नु । प्रतिवादीहरुबाट बरामदित सुन सुरक्षित साथ राख्न नेपाल राष्ट्र बैंक टक्सार शाखा सुन्धरामा पठाई दिनु भनी भन्सार प्रमुखबाट मिति २०७५।८।१३ मा भएको थुनछेक आदेश ।

१५. बरामदी मुचुल्का प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवेदन र (प्रतिवादीको बयानमा कही कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञापनपत्र भरेको वा भन्सार तिरेको

निस्सा पेश गरेको नदेखिएको बरामदित सुन माथि उल्लेखित सिक्री आकारको सुन संकलन गरी ल्याएकोले चोरी पैठारी गर्ने मनसाय प्रष्ट भएकोले प्रतिवादीहरुबाट बरामद भएको सुन भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी) भएको ठहर्छ । सो ठहर्नाले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम निज प्रतिवादीहरुलबाट बरामद भएको २९९ ग्राम सुन जफत हुन्छ । भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम प्रतिवादीहरुबाट जफत भएको सुनको विगो रु. १४,९२,०१०।- जरिवाना र सोही उपदफाको खण्ड (क) बमोजिम एक महिनासम्मको कैद हुने ठहर्छ । जफत सुन नेपाल राष्ट्र बैंक, टक्सार महाशाखा, सुन्धारामा पठाई सो वापत प्राप्त रकमबाट मुद्दाको अन्तिम किनारा लागेपछि प्रतिवेदकहरुले भन्सार नियमावली २०६४ को नियम ४७ को उपनियम (१) को खण्ड (ख) बमोजिम पुरस्कार पाउने समेत ठहर्छ भन्ने शुरु भन्सार कार्यालयबाट मिति २०७५।८।२७ मा भएको निर्णय ।

१६. सुन बरामद हुँदैमा बाहिर मुलुकबाट भन्सारमा घोषणा नगरी भन्सार नतिरी सुन चोरी पैठारी गरी नेपाल भित्र्याएको भनेर अनुमान गर्न मिल्दैन । बाहिर मुलुकको कसबाट नेपालमा सुन भित्र्याएको हो सो को तथ्ययुक्त सबुत प्रमाण अभियोजन पक्षले पुष्टि गरी प्रमाण पेश गर्न सकेको छैन । प्रस्तुत मुद्दामा मिसिल संलग्न तथ्यबाट सुन चोरी पैठारीको परिभाषाभित्र नपरेको, कैद गर्न नमिल्नेलाई कैद गरेको, बरामद भएको परिमाण भन्दा बढी परिमाणको बिगो कायम गरी सजाय गर्ने गरेको शुरु भन्सार कार्यालयको मिति २०७५।८।२७ को निर्णय न्यायसँगत नभएकोले सो निर्णय बदर गरी अभियोग दावीबाट सफाइ पाउ भन्ने प्रतिवादी मोहन धामीको पुनरावेदन पत्र ।

१७. जुन हिसावले म पुनरावेदकलाई दोषी करार गरिएको छ उक्त आधार हवाई यात्रुहरुका लागि मालसामान निकासी पैठारी गर्ने व्यापारीहरु र भन्सार एजेन्टहरुका लागि प्रयोग हुने गरी कुनै विज्ञले तयार पारेको अभियोग दायर गर्ने आधार बाहेक अन्य केही पनि हुन सक्दैन । किनकी म प्रतिवादी हवाई यात्रु पनि होइन । हवाई यात्रु नभएको व्यक्तिले र हवाई जहाजबाट मालसामान निकासी र पैठारीका लागि कानून बमोजिम गर्नुपर्ने दायित्व बोकेर स्थापित भएको भन्सार कार्यालयले सर्वसाधारण नेपाल भित्रकै नेपाली नागरिकलाई झुठ्ठा मुद्दा दायर गरी गर्न लगाई लावालस्करका फरम्याट तयार पारेको २२ जना प्रहरी कर्मचारीहरु मध्ये ११ जनाको दस्तखत भएको प्रहरी प्रतिवेदन बनाई बाँकीको दस्तखत खाली राखी प्रहरी प्रतिवेदन तयार पारी हचुवा बरामदी खानतलासी मुचुल्का तयार पारी कुन व्यक्तिको पासबाट कति परिमाणको तौल भएको सुन निजलाई छाडी निजबाट पनि आर्थिक लाभ लिई अर्कै म प्रतिवादी जस्तो दुरदराजको सोझो गाउँले व्यक्तिलाई मुद्दाको परिबन्धमा फसाई मुद्दाको प्रतिवेदकलाई प्रोत्साहन वापतको पुरस्कारको माग राखी पुरस्कार लिने धन्दामा पल्केका व्यक्तिहरुको गलत धन्दालाइ प्रोत्साहन हुने गरी गरेको शुरु

निर्णयकर्ताको मिति २०७५।८।२७ को निर्णय प्रमाणको अभावमा बदर योग्य भएकोले सो बदर गरी म पुनरावेदक प्रतिवादीलाई सफाइ दिलाई पाउँ भन्ने भन्ने प्रतिवादी नरेश बोहराको पुनरावेदन पत्र ।

१८. जुन हिसावले म पुनरावेदकलाई दोषी करार गरिएको छ उक्त आधार हवाई यात्रुहरुका लागि मालसामान निकासी पैठारी गर्ने व्यापारीहरु र भन्सार एजेन्टहरुका लागि प्रयोग हुने गरी कुनै विज्ञले तयार पारेको अभियोग दायर गर्ने आधार बाहेक अन्य केही पनि हुन सक्दैन । किनकी म प्रतिवादी हवाई यात्रु पनि होइन । हवाई यात्रु नभएको व्यक्तिले र हवाई जहाजबाट मालसामान निकासी र पैठारीका लागि कानून बमोजिम गर्नुपर्ने दायित्व बोकेर स्थापित भएको भन्सार कार्यालयले सर्वसाधारण नेपाल भित्रकै नेपाली नागरिकलाई झुठ्ठा मुद्दा दायर गरी गर्न लगाई लावालस्करका फरम्याट तयार पारेको २२ जना प्रहरी कर्मचारीहरु मध्ये ११ जनाको दस्तखत भएको प्रहरी प्रतिवेदन बनाई बाँकीको दस्तखत खाली राखी प्रहरी प्रतिवेदन तयार पारी हचुवा बरामदी खानतलासी मुचुल्का तयार पारी कुन व्यक्तिको पासबाट कति परिमाणको तौल भएको सुन फेला पर्यो भनी एकिन गर्न नसकी कुनै अमूक व्यक्तिबाट फेला परेको सुन निजलाई छोडी निजबाट पनि आर्थिक लाभ लिई अर्के म प्रतिवादी जस्तो दुरदराजको सोझो गाउँले व्यक्तिलाई मुद्दाको परिबन्धमा फँसाई मुद्दाको प्रतिवेदनकलाई प्रोत्साहन वापतको पुरस्कारको माग राखी पुरस्कार लिने धन्दामा पल्केका व्यक्तिहरुको गलत धन्दालाई प्रोत्साहन हुने गरी गरेको शुरुको निर्णयकर्ताको मिति २०७५।८।२७ को निर्णय प्रमाणको अभावमा बदर योग्य भएकोले सो बदर गरी म पुनरावेदक प्रतिवादीलाई सफाइ दिलाई पाउँ भन्ने प्रतिवादी सविता भट्टको पुनरावेदन पत्र ।

१९. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७५।१०।२२।३ मा भएको आदेश ।

## ठहर खण्ड

२०. नियमबमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदनपत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीहरुको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्वय श्री राम प्रसाद आचार्य र श्री गजेन्द्र बहादुर थापाले प्रतिवादीहरुबाट २९९ ग्राम सुन बरामद भयो भन्ने बरामदी मुचुल्का नै शंकास्पद छ । को-को बाट के कति परिणाम बरामद भयो भन्ने पनि खुल्दैन । अनुमानको भरमा विगो कायम गरी कैद तथा जरिवाना ठहर गरेको शुरु भन्सार कार्यालयको निर्णय मिलेको छैन । गैर यात्री व्यक्तिलाई भन्सार ऐन नै लाग्न सक्दैन ।

प्रतिवादीको तर्फबाट भन्सार ऐन २०६४ को दफा ३६, ३७ र ३८ कसूर नै नभएको हुँदा कसुरदार कायम गर्ने गरी भएको शुरुको निर्णय बदर गरी प्रतिवादीहरुलाई अभियोगदावी बाट सफाई दिइनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

२१. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालयका शाखा अधिकृत श्री नगेन्द्र लम्सालले प्रतिवादीहरुबाट बरामद भएको सुनको परिणाम २९९ ग्राम रहेको छ । बरामदित सिक्री सुन नै रहेको भन्ने विशेषज्ञबाट खुली आएको छ । बरामदित सुनको मूल्य रू. १४,९२,०१०।- पर्ने भनी मूल्य समेत खुली आएको र बरामदित सुनलाई प्रतिवादीहरुले अन्यथा भन्न सकेको अवस्था पनि छैन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिवादीहरु सुन लिन गएको तथ्यलाई स्वीकार नै गरेको देखिंदा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको हुँदा सदर हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

२२. खानतलासी बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन र प्रतिवादीहरु सविता भट्ट, मोहन धामी र नरेश बोहराले अनुसन्धान अधिकृत समक्ष गरेको बयान समेतबाट भन्सार छली चोरी पैठारी गर्ने मनसायले सुन चोरी पैठारी गरेको प्रमाणित हुन आएको हुँदा निजहरुको सो कार्य भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारीको कसुर अपराध गरेको देखिंदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ५७ को उपदफा (१ग) बमोजिम जनही १४,९२,०१०।- बराबरको तौल (२९९ग्राम) भएको सुन जफत गरी विगो बमोजिम जरिवाना हुन र निजहरू प्रतिवादीहरू नरेश बोहरा, सविता भट्ट र मोहन धामी लाई सोही ऐनको दफा ५७ को उपदफा (१ग) को खण्ड (क) बमोजिम एक महिना सम्मको कैद सजाय गरी भन्सार नियमावली २०६४ को नियम ४७ बमोजिम प्रतिवेदकहरूलाई पुरस्कारको व्यवस्था समेत गरी पाउँ भन्ने अभियोग दावी भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरुबाट बरामद भएको सुन भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएको ठहर्छ । सो ठहर्नाले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम निज प्रतिवादीहरुबाट बरामद भएको २९९ ग्राम सुन जफत हुन्छ । भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम प्रतिवादीहरुबाट जफत भएको सुनको विगो रु. १४,९२,०१०।-जरिवाना र सोही उपदफाको खण्ड (क) बमोजिम एक महिनासम्मको कैद हुने ठहर्छ भनी शुरू भन्सार कार्यालयबाट मिति २०७५/८/२७ मा भएको निर्णयमा चित्त नबुझाई शुरू भन्सार कार्यालयबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी अभियोगदावीबाट सफाइ पाउनुपर्दछ भन्ने जिकिर सहित प्रतिवादीहरूको तर्फबाट छुट्टा-छुट्टै प्रस्तुत पुनरावेदन पर्न आएको देखिंन्छ ।

२३. उपरोक्तानुसारको तथ्य, बहस तथा पुनरावेदन जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकहरुको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२४. निर्णय तर्फ विचार गर्दा, मिति २०७५।७।२८ गतेका दिन अन्दाजी १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको कार पार्किङ्ग एरियाबाट राहदानी नम्बर ११०४६९२३ का स्थायी वतन बझाङ्ग जिल्ला बुङ्गल न.पा. वडा नं. ७ भएका नरेश बोहराको साथबाट बरामद सुनजस्तो देखिने पहेंलो धातुको सिक्री थान-२, राहदानी नं. १०६६५१३६ की नुवाकोट जिल्ला हल्देकालिका गा.वि.स. वडा नं. २ घर भएकी सविता भट्टको साथबाट बरामद भएको पहेलो धातुको थान २ सिक्री र जिल्ला बझाङ्ग बुङ्गल न.पा. वडा नं. ३ स्थायी बतन भएका मोहन धामीको साथबाट बरामद भएको पहेलो धातुको सिक्री थान-२ परीक्षणबाट सुन रहेको र सो सिक्रीको जम्मा मूल्य रु. १४,९२,०१०।- रहेको हुँदा निज नरेश बोहरा, सविता भट्ट र मोहन धामीलाई सुन चोरी पैठारीमा सजाय गरी पाउँ भन्ने प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ ।

२५. मिति २०७५।७।२८ गतेका दिन अन्दाजी १३:५० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तर्फको कार पार्किङ्ग स्थानमा बाहिरी मुलुकबाट आएका यात्रीहरुलाई भन्सार छली गर्न लगाई बझाङ्ग जिल्ला बुङ्गगल न.पा. वडा नं. ७ बतन भएका राहदानी नम्बर ११०४६९२३ का नरेश बोहराको शरिर खानतलासी गर्दा सुन जस्तो देखिने पहेंलो रंगको धातुको सिक्री थान-२, नुवाकोट जिल्ला हल्देकालिका गा.वि.स. वडा नं. २ स्थायी बतन भएकी राहदानी नं. १०६६५१३६ की सविता भट्टको साथबाट सुनजस्तो देखिने पहेंलो धातुको २ थान सिक्री र जिल्ला बझाङ्ग बुङ्गल न.पा. वडा नं. ३ स्थायी बतन भएका मोहन धामीको साथबाट सुनजस्तो देखिने पहेलो धातुको सिक्री थान-२ समेत गरी ६ थान सिक्रीहरु प्रतिवादीहरू मोहन धामी, नरेश बोहरा र सविता भट्टबाट बरामद भएको देखिन्छ ।

२६. प्रतिवादीहरुले अनुसन्धान अधिकृत र भन्सार प्रमुख समक्ष बयान गर्दा, प्रतिवादी मध्येका मोहन धामीले अर्का प्रतिवादी सविता भट्ट र नरेश बोहरालाई समेत सामान बाहिरबाट आउँदैछ, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सहयोगका लागि जाँउ भनी लगेको र गएको भनी स्वीकार गरेको अवस्था पाइन्छ । प्रतिवादीहरु एक अर्का विच पूर्व चिनजान रहे भएको भन्ने कुरालाई समेत परस्परमा स्वीकार गरेको अवस्था छ । मोहन धामीले हामीलाई के सामान आउँदैछ भनी नभनेको र आफूहरुलाई थाहा नभएको र बरामद सुन आफ्नो नभएको भनी प्रतिवादीहरू सविता भट्ट र नरेश बोहरा आरोपित कसूर आफूले गरेकोमा इन्कार रहेपनि सो इन्कारी बयानलाई यी प्रतिवादीहरूबाट सुनका सिक्री बरामद भएको कारणले खण्डित गरेको र आफ्नो इन्कारीलाई सबुत प्रमाणबाट पुष्टि गरी बरामदीत सुन यो यसको भनी खुलाइदिने

जिम्मेवारी प्रतिवादीहरूमा रहेकोमा प्रमाण ऐन २०३१ को कानूनी व्यवस्था अनुरुप प्रमाण गुजार्न सकेको अवस्था पनि देखिंदैन । त्यसैगरी प्रतिवादी मोहन धामीले बरामदित सुन आफ्नो नभएको र मिलन के.सी.को रहेको भनी दावी जिकिर लिए पनि सो सुन प्रतिवादीहरुको साथबाट बरामद भएको र बरामद हुँदाका बखत प्रतिवादीहरु सँगसाथै रहेको अवस्था हुँदा बरामदी मुचुल्कालाई अन्यथा भन्न सकिने अवस्था समेत देखिन आएन ।

२७. प्रतिवादीहरु मौकामा र भन्सार प्रमुख समक्ष बयान गर्दा समेत कसूरजन्य कार्यमा आफ्नो संलग्नता रहेको भन्ने बारेमा इन्कार रहे पनि प्रतिवादीहरूले नै गरेको बयानबाट बरामदित सुनको प्रज्ञापनपत्र आफूसँग नभएको भनी खुल्न आएको हुँदा बरामदित मुचुल्कामा उल्लेखित सिक्री आकारको सुन संकलन गरी प्रतिवादीहरूको संलग्नतामा पैठारी गरेको र त्यसरी गरिएको पैठारी कानून बमोजिम भएको नदेखिंदा प्रतिवादीहरुबाट बरामद भएको सुन भन्सार ऐन २०६४ को दफा ३८ बमोजिमको कसुरजन्य कार्य भएकोमा विवाद देखिंन आएन । यसरी प्रतिवादीहरूले निर्विवाद तवरमा चोरी पैठारीको कसूर गरेको पुष्टि भको हुँदा निजहरूलाई कसूरदार ठहराई जनही एक महिना कैद सजाय गरेको हदसम्मको शुरु निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिंदैन ।

२८. जहाँसम्म कसूरदार ठहर भएका प्रतिवादीहरुलाई शुरु भन्सार कार्यालयले निर्धारण गरिए बमोजिमकै जरिवानालाई कायम गर्नुपर्ने हो वा पुनरावेदक तर्फबाट उपस्थित विद्धान कानून व्यवसायीले जिकिर लिए बमोजिम कायम विगोको दामासाहीले हुनुपर्ने भन्ने सम्बन्धमा विचार गर्दा बरामदी मुचुल्का अनुसार पक्राउ परेका तीनै जना प्रतिवादी प्रत्येकबाट २।२ थान सिक्री बरामद भएको देखिन्छ र त्यसको जम्मा तौल २९९ ग्राम रहेको र सो सुनको बरामद भएको दिनको बजार मूल्य १४,९२,०१०। - कायम भएको देखिन्छ । शुरु भन्सार कार्यालयबाट निर्णय गरिदा तीनै जना प्रतिवादी सबैलाई विगो बमोजिम जनही जरिवाना गरेको पाइयो । अब यस्तो कसूरमा के कति जरिवाना गर्न सकिने भन्ने सम्बन्धमा भन्सार ऐन २०६४ को दफा ५७(१) मा **"कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ । साथै ऐ. दफाको (१ग) मा उपदफा (१) बमोजिमको कसूरको विगो दश लाख रूपैयाँदेखि १ करोड रूपैयाँसम्म बिगो भएमा भन्सार अधिकृतले त्यस्तो मालबस्तु जफत गरी सो मालबस्तुको विगो बमोजिमको जरिवाना गर्न सक्ने"** भन्ने उल्लेख भएको देखिन्छ । यस कानूनी व्यवस्थाले कसूरदार ठहरिएका प्रत्येक व्यक्तिलाई विगो बमोजिम जरिवाना गर्न पर्ने तर्फ इंगित गरेको भएतापनि यस दफामा प्रयुक्त शब्दावलीलाई हेर्दा धैरै प्रतिवादीहरु

भएको अवस्थामा विगोको आधारमा जनही नै जरिवाना गर्नुपर्ने अनिवार्यतालाई यस दफाले जनाउने देखिदैन । कानूनमा दण्ड सजायको व्यवस्था गर्दा स्पष्ट किटानी गरी कानूनको निर्माण गरिएको हुनुपर्दछ । प्रस्तुत कानूनी व्यवस्था हेर्दा विगो र जरिवानामा विधिकर्ताले तादात्म्यता कायम गरेको देखिन्छ र अधिकार प्राप्त निकायले निर्णय गर्दा विधिकर्ताले ऐन निर्माण गर्दा स्थापित गरेको त्यस्तो तादाम्यतालाई निर्णयकर्ताले पनि कायम गर्न सक्नु पर्दछ । यसै सन्दर्भमा "विगो बमोजिम जरिवाना" भन्ने कानूनी व्यवस्थाको तात्पर्य खुलाउँदै सम्मानित सर्वोच्च अदालतबाट "विगो बमोजिम जरिवाना भन्नाले प्रत्येक व्यक्तिलाई विगो बमोजिम नै जरिवाना गर्नु पर्दछ भन्ने कानूनी अर्थ गर्न नमिल्ने" भनी सिद्धान्त कायम भएको समेत पाइयो (ने.का.प. २०६७, अंक २, नि.नं. ८३२१, पृ. १०९३) यसरी भन्सार ऐन २०६४ को दफा ५७(१) को जरिवाना सम्बन्धी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित माथि उल्लेखित सिद्धान्तको परिप्रेक्षमा हेर्दा यी प्रतिवादीहरुलाई विगो बमोजिम जनही जरिवाना गर्ने गरी शुरु भन्सार कार्यालयबाट गरेको फैसला विगो बमोजिम जनही जरिवाना गरेको हदसम्म न्यायोचित एवं औचित्यपूर्ण मान्न सकिएन । अब अनुसन्धानबाट प्रतिवादीहरुले अलग अलग तवरमा यति विगो बराबरको सुन चोरी पैठारी गरेको भनी खुलाउन नसकेको र एक मुष्ट रुपमा विगो कायम गरेको अवस्था हुँदा सोही विगो बराबरको दायित्व निर्वाह गराउनु न्यायोचित देखिन आयो । अवएवः प्रतिवादीहरुबाट बरामद भएको २९९ ग्राम सुनको विगो रु. १४,९२,०१०। - भएको देखिदा सोही विगोको दामासाहीले प्रतिवादीहरुलाई विद्यमान कानून अनुकूल एवं न्यायसँगत जरिवाना ठहर गर्नु न्यायोचित हुने देखिन आयो । अभियोग दावीबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीहरुको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

२९. अतः माथि विवेचित आधार कारणबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५।८।२७ मा प्रतिवादीहरुबाट बरामद भएको सुनको विगो बराबर प्रतिवादीहरुलाई जनही रु. १४,९२,०१०। - जरिवाना गर्ने गरी भएको शुरु निर्णय सो हदसम्म केही उल्टी भै उक्त सुनको विगो वापतको जरिवाना प्रतिवादीहरु नरेश बोहरा, सविता भट्ट र मोहन धामीबाट दामासाहीले असुल उपर हुने ठहर्छ । अन्य कुराहरुमा प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपशिल बमोजिम गर्नु ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरुलाई जनही रु. १४,९२,०१०। - जरिवाना गर्ने गरी भएको शुरु निर्णय सो हदसम्म केही उल्टी भै उक्त सुनको विगो वापतको जरिवाना प्रतिवादीहरु नरेश बोहरा, सविता भट्ट र मोहन धामीबाट दामासाहीले असुल उपर हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीहरूलाई जनही

रू. ४,९७,३३६।६६ जरिवाना हुने ठहर भएको हुँदा निज प्रतिवादीहरू मिति २०७५।७।२८ बाट मुद्दाको पुपक्षको लागि थुनामा बसेको देखिंदा निजहरूलाई शुरू भन्सार कार्यालयबाट ठहर भएको १ महिना कैदको हकमा मिति २०७५।८।२८ सम्ममा भुक्तान भैसकेको देखिंदा कैदमा बसेको १ महिना देखि बाहेकको कैदको हकमा निजहरूलाई ठहर भएको जरिवाना रकमबाट कट्टा गरी बाँकी हुन आउने जरिवाना प्रतिवादीहरूले दाखिल गरे थुनामुक्त गरी दिनु भनी शुरू भन्सार कार्यालयमा लेखी पठाइदिनु.......................................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु............................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू..........................................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

जीवनकुमार घिमिरे
(राजश्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँट

इतिसम्बत २०७६ साल बैशाख १२ गते रोज ५ शुभम......